म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७७ २०८१ जेठ ६ गते आइतबार 19 May 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय, मकवानपुर

## प्रदेशसभाबाट विशेषाधिकार समिति गठन गर्ने प्रस्ताव पारित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठकबाट विशेषाधिकार समिति गठन गर्ने प्रस्ताव पारित भएको छ। शनिबार दिउँसो बसेको प्रदेशसभा बैठकमा नेकपा माओवादी केन्द्र बागमती प्रदेशका सचेतक रत्नप्रसाद ढकालले बागमती प्रदेशसभा बैठकमा विशेषाधिकार समिति गठन गर्ने प्रस्ताव पेस गर्नुभएको थियो ।

सचेतक ढकालले नेपालको संविधानको धारा १९३ तथा प्रदेशसभा नियमावली २०७४ को नियम १६८ को उपनियम १ बमोजिम विशेषाधिकार समिति गठन गर्ने प्रस्ताव पेस गर्नुभएको हो । उक्त प्रस्ताव प्रदेशसभाबाट पारित भएको हो ।

शुक्रबार बसेको प्रदेशसभाका मुख्य ५ दलका नेताहरूको बैठकले भागबण्डा मिलाउन उक्त समिति गठन गर्ने सहमति भएको थियो। संविधानको धारा १८७ को व्यवस्थाको विषयमा प्रस्ट पार्न वा सो विषयमा उठेका प्रश्नहरूको जवाफ तयार गर्न सो समिति गठन गर्ने व्यवस्था रहेको छ।

वाक स्वतन्त्रता हनन भएको अवस्थामा सो समिति गठन गर्ने संविधानको व्यवस्था रहेको छ। संविधानको धारा १८७ अनुसारको प्रदेशसभामा पूर्ण वाक स्वतन्त्रता, प्रदेशसभामा व्यक्त गरेको अभिव्यक्तिका विषयमा छानबिन वा जवाफका लागि सो समिति गठन गर्न सकिने नियमावलीमा व्यवस्था रहेको छ । समितिको सदस्य १७ जना रहने व्यवस्था रहेको छ।

उक्त समितिमा प्रदेशसभाका अन्य समितिको सदस्य पनि सो समितिको सदस्य रहेका छन् । उक्त समितिको सभापति दलीय भागबण्डाका आधारमा नेकपा एकीकृत समाजवादीले पाएको छ। एकीकृत समाजवादीबाट मायादेवी शर्मालाई सो समितिको सभापति बनाइएको छ ।

बैठकले प्रदेशसभा नियमावलीबमोजिम प्रदेश मामिला समितिमा रहेका प्रदेशसभा सदस्य आनन्दकुमार श्रेष्ठलाई उद्योग, पर्यटन तथा वातावरण समितिमा र उद्योग, पर्यटन तथा वातावरण समितिमा रहेका प्रेमभक्त महर्जनलाई प्रदेश मामिला समितिमा हेरफेर गरेको छ। प्रदेशसभाको अर्को बैठक आइतबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको छ।

## प्रदेशसभामा ४ वटा समितिको नेतृत्व टुङ्गियो

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभामा ४ वटा समितिको नेतृत्व टुङ्गिएको छ। शनिबार प्रदेशसभामा रहेका ६ मध्ये ४ वटा संसदीय समितिहरुको सभापति टुङ्गिएको हो ।

शनिबार भएको निर्वाचन प्रक्रियाबाट प्रदेश मामिला समितिको सभापतिमा नेपाली कांग्रेसका छिरिङ दोर्जे लामा र सार्वजनिक लेखा समितिको सभापतिमा नेपाली कांग्रेसकै श्रीराम लामिछाने चयन हुनुभएको छ । अर्थ तथा विकास समितिको सभापतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नुरज बज्राचार्य र शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा माओवादी केन्द्रका ठाकुर ढकाल चयन हुनुभएको हो। दिउँसो बसेका संसदीय समितिहरूको बैठकबाट साभपतिहरु सर्वसम्मत चयन गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

शुक्रबार दलहरुबिच नेपाली कांग्रेसले दुई, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा एकीकृत समाजवादीले एक/एक वटा समितिको सभापति लिने सहमति भएको थियो। प्रदेशमा ५ संसदीय समिति रहेकोमा भागबण्डा मिलाउन एक समितिसमेत थप गरिएको थियो । प्रदेशसभामा बाँकी रहेका दुई वटा समितिको सभापतिको लागि भने सोमबार निर्वाचन हुने भएको छ ।

बागमती प्रदेशसभा सचिवालयका सचिव कृष्णहरि खड्काले उद्योग, पर्यटन तथा वातावरण समिति र प्रदेश विशेषाधिकार समितिको सभापतिको लागि सोमबार निर्वाचन हुने जानकारी गराउनुभयो । बागमती प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको डेढ वर्षपछि ४ वटा संसदीय समितिहरुले नेतृत्व पाएका हुन् ।

## मकवानपुरमा ४८६ जनाको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुर र सिन्धुली जिल्लाका विभिन्न ठाउँमा साप्ताहव्यापी सञ्चालन भइरहेको स्वास्थ्य परीक्षण शिविरमा मकवानपुर जिल्लाका ४ सय ८६ जना शारीरिक अपाङ्गता भएकाको स्वास्थ्य जाँच गरिएको छ। विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल पुनस्थापना केन्द्र बनेपाको आयोजना तथा मकवानपुरको सहयोमा जिल्लाभर ५ स्थानमा भएको शिविरमा शारीरिक अपाङ्गता भएका १८ वर्षसम्मका बालबालिका तथा १८ वर्षमाथि उमेर समूहका महिलाको स्वास्थ्य परीक्षण गरिएको कार्यक्रमका सुपरभाइजर रुद्रकुमार सापकोटाले जानकारी दिनुभयो ।

शुक्रबार भीमफेदीस्थित ईपा स्वास्थ्य चौकीमा भएको शिविरमा ४३ जना शारीरिक अपाङ्गता भएकाहरुको परीक्षण गरिएको छ । जाँच गरिएकामध्ये ५ जनाको शल्यक्रिया गरिनेछ । जाँच गरिएका सबैलाई औषधी वितरण गरिएको र ४ जनालाई सहायक सामग्री वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

बिहीबार भीमफेदी गाउँपालिकाको वडा न २ को कार्यालयमा भएको शिविरमा १ सय ७ जना शारीरिक अपाङ्गता भएकाहरुको परीक्षण गरिएको छ। जाँच गरिएका मध्ये ९ जनाको शल्यक्रिया गरिने भएको छ । यस्तै ६० जनालई औषधि, २ जनालाई बैशाखी, ३ जनाको कृत्रिम खुट्टा, ४ जनालाई सहायक सामग्री र ५ जनालाई लौरी वितरण गरिएको सापकोटाले जानकारी दिनुभयो। भीमफेदी गाउँपालिकाले ३ वर्षदेखि अपाङ्ग बाल अस्पताल पुनस्थापना केन्द्र बनेपाको सहयोगमा शिविर सञ्चालन गर्दै आएको छ। शल्यक्रियामा लागेको खर्च गाउँपालिकाले ब्यहोर्ने उहाँले बताउनुभयो ।

बुधबार मकवानपुरको बकैया गाउँपालिकामा भएको शिविरमा ७२ जना शारीरिक अपाङ्गता भएकाहरुको परीक्षण गरिएको छ । शिविर बकैया गाउँपालिका बकैया-६ स्थित बकैया आधारभूत अस्पतालमा भएको थियो। शिविरमा जाँच गरिएकामध्ये ७ जनाको शल्यक्रिया गरिने भएको छ । यस्तै एक जनालाई व्हीलचेयर, २ जनालाई सहायक सामग्री, १ जनालई बैशाखी र ५२ जनालाई औषधी वितरण गरिएको कार्यक्रमका सुपरभाइजर सापकोटाले जानकारी दिनुभयो । शिविरमा २२ जना १८ वर्षभन्दा माथि उमेर समूहका शारीरिक अपाङ्गता भएका किशोर किशोरीको परीक्षण गरिएको छ । शल्यक्रियामा लागेको खर्च बकैया गाउँपालिकाले ब्यहोर्ने उहाँले बताउनुभयो ।

यस्तै, मंगलबार मकवानपुरगढी-२, शिखरकटेरीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भएको शिविरमा एक सय एक जनाको स्वास्थ्य परीक्षण गरिएको थियो। शिविरमा जाँच गरिएका मध्ये १८ जनाको शल्यक्रिया गरिने उहाँले जानकारी दिनुभयो। बाँकी बालबालिकालाई औषधी वितरण गरिएको छ ।

यस्तै, बैशाख ३० र ३१ गते हेटौंडा उपमहानगरपालिकाको समन्वयमा हेटौंडा अस्पतालमा भएको शिविरमा १ सय ६३ जनाको चेकजाँच गरिएको छ। उपचारका क्रममा १५ जना बालबालिकालाई सर्जरीका लागि अपाङ्ग बाल अस्पताल बनेपा रिफर गरिएको, ११ जनालाई कृतिम अङ्ग प्रदान गरिनेछ भने ५८ जनालाई औषधि वितरण गरिएको उहाँले जानकारी दिनुभयो । शल्यक्रियाका लागि रिफर गरिएको बालबालिकाको हेटौंडा उपमहानगरपालिकाको सहयोगमा सर्जरी गरिने छ ।

घुम्ती शिविरमा जन्मजात वा पछि खुट्टाको पैताला भित्र/बाहिर फर्केको, खुट्टा लुलो र कमजोर भएको, जोर्नीहरू दुख्ने, सुन्निने, बाङ्गिएको वा खुस्किएको, औंलाहरू एक-आपसमा टाँसिएको वा बढी भएको समस्या परीक्षण हुनेछ । आइतबार सिन्धुलीको हरिहरपुरगढीमा र भोलि सोमबार मरिण गाउँपालिकामा घुम्ती शिविर हुने सापकोटाले जानकारी दिनुभयो। शिविरमा डाक्टर, फिजियोथेरापिष्ट, कृत्रिम अङ्ग बनाउने, स्टाफ नर्स, सीबीआर लगायतको स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्ने जनाइएको छ ।

## बैशाख महिनामा झण्डै ५ सयले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः रक्तसञ्चार केन्द्र हेटौंडाले बैशाख महिनामा झण्डै ५ सय जनाको रगत संकलन गरेको छ । केन्द्रले एक महिनामा ४ सय ६८ जनाको रगत संकलन गरेको हो। एक महिनामा विभिन्न संघसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रमबाट ४ सय ४० जना र केन्द्रमै पुगेर २८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो ।

बैशाख महिनामा १५ वटा संघसंस्थाले रक्तदान कार्यक्रमको आयोजना गरेका थिए । बैशाख २ गते रामेछाप-काभ्रे मैत्री समाजले रक्तदान कार्यक्रम आयोजना गरेको थियो । यस्तै, ३ गते चौघडा बचत तथा ऋण सहकारी संस्था, ४ गते युवा रेडक्रस वन विज्ञान संकाय हेटौंडा र ५ गते नेपाल प्रहरी श्रीमती संघ बागमती प्रदेशले रक्तदान कार्यक्रम गरेका थिए । बैशाख ७ गते सिटिजन बैंक हेटौंडा शाखा, ८ गते हाम्रो गोरखा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र १० गते नेकपा एमाले मकवानपुरले रक्तदान कार्यक्रम आयोजना गरेको रिमालले बताउनुभयो ।

यस्तै, ११ गते मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, १५ गते नेपाल रेडक्रस सोसाइटी हेटौंडा ४ नम्बर उपशाखा र नेपाल ट्रेड युनियन महाशाखा मकवानपुरले रक्तदान गरेका थिए। बैशाख १८ गते अखिल नेपाल औद्योगिक मजदुर संघ र एसियन पेन्ट्स प्रालि, २१ गते नेपाल लाइफ इन्सुरेन्स हेटौंडा, २२ गते सन्त निराकारी मण्डल नेपाल शाखा मकवानपुर र ३० गते सीएमसी चुरेहिल अस्पतालले रक्तदान कार्यक्रमको आयोजना गरेका थिए । बैशाख महिनामा केन्द्रले ३ सय १६ पोका रगत वितरण गरेको छ । वितरण गरिएको रगतमा १४ वटा सेतो रगतसमेत रहेको थियो। अहिले रक्तसञ्चार केन्द्रमा ए र ओ ग्रुपको रगत अभाव रहेको छ । आज आइतबार महालक्ष्मी विकास बैंकले रक्तदान कार्यक्रमको आयोजना गरेको छ। रक्तसञ्चार केन्द्रले धेरै हेटौंडा अस्पताल, चुरेहिल अस्पताल, सञ्चो अस्पताललगायतका अस्पतालमा रगत पठाएको छ ।

## कार दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-१२, चौतारास्थित कान्तिलोकपथ सडकखण्डमा कार अनियन्त्रित भएर दुर्घटना हुँदा घाइते भएका तीन जनामध्ये दुई जनाएको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरको बकैया-१२ का प्रेमलाल ब्लोन र रौतहटको मौलापुर नगरपालिका-६ का १७ वर्षीय विवेक शाह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीका अनुसार घाइतेहरुलाई हेटौंडा अस्पतालमा उपचारका लागि ल्याइएकोमा ब्लोनलाई ११ बजेर ४२ मिनेट र शाहलाई ११ बजेर ४७ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका हुन् । कार चालक बारा जिल्लाको निजगढ नगरपालिका-६ का ३० वर्षीय सन्दिप शाहको अहिले मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको र अवस्था गम्भीर हुँदै गइरहेको उहाँले बताउनुभयो ।

शनिबार बिहान ७ बजेर ३० मिनेटको समयमा उक्त सडकखण्डअन्तर्गत् ललितपुरबाट हेटौंडातर्फ आउँदै गरेको ग ३ च ९४७५ नम्बरको टाटा कार आफैं अनियन्त्रित भएर दुर्घटना भएको थियो ।

## जन्मदिनमा विद्यालयलाई पुस्तक हस्तान्तरण




समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद बास्ताकोटीले आफ्नो जन्मदिनको अवसरमा विद्यालयलाई पुस्तक हस्तान्तरण गर्नुभएको छ। शुक्रबार जन्मदिनको अवसर पारेर अध्यक्ष बास्ताकोटीले १० हजार रुपैयाँ बराबरको पुस्तक हस्तान्तरण गर्नुभएको विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईले जानकारी दिनुभएको छ।

बास्ताकोटीले विद्यार्थीमा पठन संस्कृतिको विकास गर्ने उद्देश्यसहित विविध विषयका पुस्तक विद्यालयलाई हस्तान्तरण गर्नुभएको चौलागाईले जानकारी दिनुभयो ।


विद्यालयले एक व्यक्ति, एक पुस्तक अभियान सञ्चालन गरी विद्यालयको पुस्ताकालयसँगै कक्षाको बुक कर्नरमा पनि पर्याप्त पुस्तक व्यवस्थापन गर्ने योजना बनाएको छ। कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा हाल २ हजार जना विद्यार्थी अध्ययनरत छन् ।

## मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुर भीमफेदी गाउँपालिका-८, कालोपहिरोस्थित कान्तिलोकपथ सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा दुई जना घाइते भएका छन् । घाइते हुनेमा बा ९० प ५५४ नम्बरको मोटरसाइकल चालक बाराको निजगढ नगरपालिका-६, लिचीटोलकाट ३१ वर्षीय रामबहादुर राय क्षेत्री र पछाडि सवार ३१ वर्षीय हरिकृष्ण अधिकारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार दिउँसो २ बजेर ३५ मिनेटको समयमा उक्त सडकखण्डमा हेटौंडाबाट ललितपुरतर्फ जाँदै गरेको मोटरसाइकल आफैं अनियन्त्रित भएर सडकको छेउमा रहेको सिमेन्टको पोलमा ठोक्किएको थियो। पोलमा ठोक्किएर मोटरसाइकल सडकबाट ३० मिटर तल खसेको प्रहरीले जनाएको छ । मोटरसाइकल दुर्घटना भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय ठिंगनबाट प्रहरी टोली खटिएको थियो । चालक क्षेत्रीको बायाँ हात, छाती र अधिकारीको निधार र बायाँ आँखामुनी चोट लागेको जनाएको छ । घाइते दुबैजनालाई उद्दार गरी ठिंगन स्वास्थ चौकीमा उपचारपश्चात् थप उपचारका लागि हेटौंडा ल्याइएको जनाएको छ ।



समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# भागबण्डाको राजनीति

देश र जनताका लागि राजनीति गरेको भन्ने दलहरु तथा तिनका नेतृत्व सत्ताका लागि जस्तासुकै कार्य गर्न अग्रसर बन्ने गरेका छन् । दलहरुबीच आपसी सहमति कायम गरेपछि जे गरे पनि हुने मानसिकताले राजनीतिप्रति वितृष्णा बढाउँदै लगेको छ । आम नागरिकको सुख, सुविधा र देशको विकास तथा समृद्धिका लागि कसरी अघि बढ्ने भन्नेमा दलहरुको ध्यान जान सकेको छैन । देश जनताको स्वार्थभन्दा आफ्नो र दलको स्वार्थमा रुमल्लिने परिपाटीले राजनीतिक दल र तिनका नेतृत्वलाई जनताले विश्वास गर्न छाड्न थालेका छन् । संघीयता कार्यान्वयन भएपछि प्रदेशमा समेत दलीय सहमति, भागबण्डा र गठबन्धनको रोग सल्किएको छ । गठबन्धन र दलीय सहमतिको नाममा जनतालाई रनभुल्ल पारेर दलीय स्वार्थ पूरा गर्ने दाउमा मुख्य दल तथा नेताहरु उद्दत हुनु राम्रो होइन । अरुबेला सार्वजनिकरुपमा एकअर्कालाई सत्तोसराप गर्ने दल तथा नेताहरु पद बाँडफाँडमा भागबण्डा मिलेपछि चुप बस्ने राम्रो लक्षण होइन ।

मुलुकमा आइपरेका जटिल समस्या समाधानका लागि दलहरु एक भएर अघि बढ्ने संकल्प स्वभाविक हो । तर, व्यक्तिगत र दलीय स्वार्थसिद्ध गर्नका लागि जस्तोसुकै दलहरुबीच गठबन्धन र सहमति हुनुलाई उचित मान्न सकिँदैन । बागमती प्रदेशमा पनि राजनीति दलहरुले भागबण्डा मिलाउने नाममा आवश्यकता नै नभएको संसदीय समिति बनाएका छन् । प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको करिब डेढ वर्षसम्म बागमती प्रदेशसभाका ५ वटा संसदीय समितिको नेतृत्व चयन गर्न दलहरु असफल भए । भागबण्डा मिलाउन नसकेको र आफ्नो दलले नेतृत्व पाउने निश्चितता नभएकै कारण डेढ वर्षसम्म दलहरुले संसदीय समितिको सभापति चयन प्रक्रिया नै अघि बढाएनन् । प्रदेशसभाले निर्णय गरेर निर्वाचन प्रणालीबाट संसदीय समितिको सभापति निर्वाचित गर्नसक्ने अवस्था हुँदाहुँदै आफ्नो दलको नेतृत्व विजयी हुने ग्यारेन्टी नहुँदा दलहरु निर्वाचन प्रक्रियामा जान नचाहेको बुझ्न सकिन्छ ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुबीच संसदीय समितिको नेतृत्व लिन निकै रसाकस्सी भएपछि डेढ वर्षसम्म समितिलाई नेतृत्वविहीन बनाएर राखेका दलहरु भागबण्डा मिलेपछि एकै दिनमा सभापति चयन गर्न तयार भए । प्रदेशसभा नियमावली २०७४ (पहिलो संशोधनसहित) को परिच्छेद २० को नियम १६७ बमोजिम प्रदेश विशेषाधिकार समिति गठन गर्ने सहमति भएपछि उक्त समिति बनाइएको छ । प्रदेशसभाका प्रमुख ५ दलहरुको बैठकमा नेपाली कांग्रेसलाई दुई समितिको नेतृत्व दिने र बाँकी ४ दलले एक-एक वटा समितिको नेतृत्व लिने सहमति बनेको हो । दलहरुबीच भागबण्डा लगाउँदा प्रदेश मामिला समिति र सार्वजनिक लेखा समितिको नेतृत्व कांग्रेसले पाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले अर्थ तथा विकास समिति, नेकपा एमालेले उद्योग, वन तथा वातावरण समिति, एकीकृत समाजवादीले प्रदेश विशेषाधिकार समिति र नेकपा माओवादी केन्[illegible]ले शिक्षा, स्वास्थ्य तथा कृषि समिति समितिको नेतृत्व पाउने सहमति भएको हो ।

प्रदेशसभाका प्रमुख दलबीच भागबण्डा मिलाउन प्रदेश विशेषाधिकार समिति थप भएको छ । प्रदेशसभाको पहिलो कार्यकालको ५ वर्ष र दोस्रो कार्यकालको डेढ वर्षसम्म आवश्यक नभएको समिति भागबण्डा मिलाउनकै लागि थप भएको सजिलै बुझ्न सकिन्छ । डेढ वर्षसम्म समितिको नेतृत्व टुंगो लगाउन उदासिन बनेका दलहरु भागबण्डा मिल्नेवित्तिकै समितिले नेतृत्व पायो । दलहरुबीच भागण्डाकै लागि बारम्बार गठबन्धन परिवर्तन हुने गरेको छ । व्यक्तिगत र दलीय स्वार्थमा नेताहरु गठबन्धन बदलिरहने, जथाभावी सहमति गरिरहने र भागबण्डा लगाइरहने हो भने देश र जनताको हित कहिल्यै हुन सक्दैन । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्न सकेमा भागबण्डाको राजनीति स्वतः समाप्त हुनेछ । निर्वाचनमा सबैभन्दा बढी सिट जित्ने दललाई ५ वर्षसम्म सत्ता सञ्चालन गर्न दिने व्यवस्था भए पनि भागबण्डाको राजनीति अन्त्य गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : पढाई–लेखाई दुवै ठिकै रहने समय छ । |
| वृष | : निर्णयात्मक काममा सरिक नभइने योग छ । |
| मिथुन | : पराक्रम र उत्साहमा वृद्धि हुने समय योग छ । |
| कर्कट | : योजनाहरु गोप्य राखेर अगाडि बढ्दा राम्रो । |
| सिंह | : समस्या र चुनौती थपिने समय योग रहेको छ । |
| कन्या | : दौडधूप र परिश्रम गर्नुपर्ने समय योग छ । |
| तुला | : जिम्मेवारी थपिने समय योग रहेको छ । |
| वृश्चिक | : धार्मिक र सामाजिक काममा सरिक भइने समय योग छ । |
| धनु | : नियम र अनुशासनलाई पालना गर्दा राम्रो । |
| मकर | : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ बढ्ला । |
| कुम्भ | : रोमाञ्चक र उत्कण्ठालेयुक्त समय छ । |
| मीन | : वास्तविक लक्ष्यप्रति लागिने समय योग छ । |

# वाह...केपी "बा"



**बिशभ अधिकारी**

> राजनीतिमा रिटायर कहिल्यै नहुने बाहरुको माहाप्रस्थानको बाटो कुरेर बसेका दोश्रो पुस्ता भनिने निरिह कायरहरुबाट केहि आशा गर्न सक्ने ठाउँ देखिँदैन ।

केपी बा नेपाली राजनीतिका चतुर र मूर्धन्य व्यक्ति हुन् । एमाले पंक्तीमा त केपी ओली ठूलो सेलिब्रेटी हुन् । कुनै बेला यि जहाँ पुग्थे "आई लभ यू केपी बा" भन्नेहरुको ठूलो भिड लाग्थ्यो । वाकपटुता विज्ञता हेर्दा यिनले नबुझेको कुनै विषय नै छैन । राजनीतिका माहिर खेलाडी केपी ओलीको आत्मविश्वास अत्यन्तै उच्च र बलियो छ । दुई पटक मिर्गौला प्रत्यारोपण गरिसकेका यिनी अहिले पनि सक्रिय राजनीति गर्छन् । अझै बीस बर्ष काम गर्छु भन्छन् । पहिलो पटक प्रधानमन्त्री हुँदा संविधान संशोधनको विषयमा भारतसँग समझदारी नहुँदा भारतले नाकाबन्दी लगायो तात्कालिन संकटमा राष्ट्रवादी अडान, चीन सरकारसँग व्यापार तथा पारवहन सम्बन्धी सम्झौताका कारण यिनको शाख र उचाई प्रखर राष्ट्रवादी नेताको रुपमा स्थापित भयो । यद्यपी यिनकै पालामा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम गर्न संविधान संशोधन गरियो । भारतसँगको सम्बन्धलाई पुरानै लयमा फर्काईयो ।

२०७४ सालको आम निर्वाचनमा बाम एकताको नाममा केपी ओलीले माओवादीसँग पार्टी एकता गरेर नेकपा बनाएका यिनले दुईतिहाई नजिकको सरकारको नेतृत्व पनि गरे । दोश्रोपटक बहुमतको सरकार चलाएका यिनले प्रभाकारी काम गर्न सकेनन् । पार्टीको आन्तरिक झगडाले संसद बिघटनको सिफारिस गर्न पुगेका केपी ओलीलाई अदालतले बहुमतको सरकार बनाउन आदेश दियो भने नेकपालाई एमाले र माओवादीकै पुरानै रुपमा फर्काइदियो । संसद बिघटन हुँदा तत्कालिन अदालतको फैसलाबारे अहिले पनि बहस र चर्चा हुने गर्दछ । संसद बोलाउन मिति किटान गर्ने, फलानोलाई प्रधानमन्त्री बनाउनु जस्ता फैसला राजनीतिप्रेरित देखिन्थ्यो ।

जबकि संविधानवादमा एउटा सिद्धान्त छ, "राजनीतिक प्रश्नमा अदालत घुस्न मिल्दैन ।" तर पाकिस्तान, बंगलादेश जस्तो चरम अस्थिरता भएको मुलुकमा जसरी अदालतले प्रधानमन्त्री नियुक्ति गर्छन् त्यसरी परमादेश यहाँ जारी हुनु भनेको संविधानवाद बिपरित थियो । वास्तवमा त्योबेलामा संसद पुनर्स्थापना गर्नैपर्ने भए पनि संवैधानिक प्रक्रियालाई अघि बढाउनुपर्ने थियो । संवैधानिक प्रश्न र राजनीतिक प्रश्न दुई फरक-फरक विषय हुन्, अदालतले संवैधानिक प्रश्नमा मात्र निर्णय गर्नुपर्ने हुन्छ ।

तर त्यही अदालतको अर्को निर्णय भन्ने ओलीलाई फाईदाजनक देखियो । नेकपा पूर्ववत् अवस्थामा फर्किँदा ओलीलाई सबैभन्दा बढि राहत हुन पुग्यो किन भन्दा प्रचण्ड र माधव एउटै कित्तामा उभिएका थिए । केन्द्रीय कमिटी, स्थायी कमिटी, अन्य सबै कमिटीमा केपी ओली अल्पमतमा थिए । केपीको राजनीतिक भविष्य नै दाउ रहेको बेला अदालतले एमाले व्युँत्याई दिएर धरापमा परेको केपी ओलीको राजनीतिलाई जिवन दिने काम गर्‍यो ।

संगठनात्मक रुपमा बलियो एमाले विस्तारै आफ्नै बलबुतामा उभिन सफल भयो । अहिले एमाले संसदमा दोश्रो ठूलो शक्तिशाली पार्टीको रुपमा स्थापित छ । तर यो पार्टीको आन्तरिक जिवनमा लोकतन्त्रको सर्वथा अभाव छ । यो पार्टी विधि, व्यवस्थामा संचालन भएको देखिँदैन । यसका अध्यक्ष महाधिवेशनमा खल्तीबाट चिर्कटो निकालेर केन्द्रीय कमिटीको घोषणा गर्छन् । आफ्ना विरोधीलाई टाउको उठाउन दिँदैन । पछिल्लो समय माधव नेपालसँग नगएका धनश्याम भुषाललाई पार्टी छोड्न बाध्य बनाइयो भने भिम रावल पार्टी छाड्ने मनस्थितिमा छन् ।

समृद्ध नेपाल सुखी नेपालीको नाराका साथ प्रधानमन्त्री बनेका केपी ओलीले पूर्व-पश्चिम रेलमार्ग, पानीजहाज, घर-घरमा ग्यासको पाईपलाइन बिछ्याउने जस्ता थुप्रै आश्वासन बाँडे, एकैपटक स्वास्थ चौकी थुप्रै स्कूलको सिलान्यास गरे तर ति कुनै पनि योजना अघि बढ्न सकेन । त्यति मात्र होईन प्रिन्टिङ प्रेस प्रकरणमा गोकुल बास्कोटा, वाईडबडिमा स्व. रबिन्द्र अधिकारी, ओम्नी, गिरीबन्धु टी स्टेट, भुटानी शरणार्थी काण्डमा बाको संरक्षकत्वको आशंका रहेको अड्कल गरिन्छ । गिरिबन्धु टि स्टेट प्रकरणमा त बाको तत्कालिन निर्णयलाई सर्वोच्चले उल्टाइदिएको छ । तर राष्ट्रियताको पक्षमा जसरी केपी ओली दृढतासाथ उभिनु हुन्छ त्यो भने प्रशंसनीय छ । अझ यिनकै पालामा कालापानी, लिपुलेक समेटेको चुच्चे नक्सा संसदबाट पारित गरियो । अहिले सय रुपैयाँको नोटमा त्यहि चुच्चे नक्सा छाप्ने नेपालको निर्णयको भारतले विरोध गरेको छ । नेपालको सिमा विवाद कायम रहेको बेला नेपालले एक पक्षीय निर्णय गर्‍यो भन्ने भारतको आरोप छ । तर यस विषयमा सरकार मौन छ तर केपी ओलीले यस विषयको उठान मात्र गरेनन् प्रतिवाद समेत गरेका छन् । नेपालले आफ्नो भु-भाग समेटेको चित्रअंकित फोटो छाप्नु हाम्रो सार्वभौम अधिकारहो भन्ने हेक्का हाम्रा छिमेकीले राखुन् ।

सरकारको नेतृत्व नगरे पनि गठबन्धनको किङ्ग मेकर ओली हुन् । तत्कालिन नेकपा हुँदा प्रचण्ड र माधव नेपालले केपी ओलीलाई पार्टी सदस्यबाटै किन कार्वाही नगर्ने भन्नेसम्मको हर्कत गरेका थिए । त्यत्रो हुर्मत लिँदा पनि बिगतका सारा घटना बिर्सेर ओली बा प्रचण्डको फेरि काँध थाप्न पुगे । त्यतिमात्र होईन रवी लामिछानेको सहकारी ठगी प्रकरणमा बा रक्षाकवज भएर उभिएका छन् । बा पार्टीमा आफ्ना असहमत पक्षलाई निमिट्यान्नै पार्न पछि पर्दैनन् । माधव नेपालको बहिर्गमनपछि बाको एकलौटी राज छ एमालेमा । दोश्रो पुस्ता भनिनेहरु निरिह छन् ओलीको सामुन्ने ।

कम्यूनिष्ट आन्दोलनलाई एकीकृत गर्ने अभियानमा पनि बाको अरुचि छ । मिशन-८४ "बा" को पनि नारा हो । आगामी निर्वाचन बहुमत ल्याएर प्रधानमन्त्री बन्ने बाको उत्कट चाहना छ । पछिल्लो ईलाम र बझाङमा भएको उपनिर्वाचनमा एमालेको जितले जनमत एमाले पक्षमा देखिँदा बाको मनोवल बढेको देखिन्छ ।


तर २०८४ सालसम्म सिङ्गो जनमत र जनआक्रोश विस्तारै राजनीतिक प्रणालीतर्फ नै उन्मूख हुने डर छ । वर्तमान संसदको गतिविधि हेर्दा कांग्रेस जसरी नै यो सरकार ढाल्न उद्दत देखिन्छ । सहकारी ठगिको मुद्दा उठाएर निरन्तर संसद अवरोध गरिराछ । गृहमन्त्रीले आफ्नो कुरा राख्छु भन्दा पनि यिनलाई बोल्न कांग्रेसले दिइराखेको छैन । अब एमाले प्रतिवादमा उत्रेको छ । बाले उर्दि जारी गरिसके फलतः संसदमा धक्कमक्की र मुठभेडसम्मको परिस्थिति निर्माण भइसक्यो । सरकारपक्षीय दल र प्रतिपक्षी दलबीचको कटुता चुलिँदो छ । यसले राजनीतिलाई अस्थिर बनाइराखेको छ भने अर्कोतर्फ कथित बाहरू केपी बा, नानिका बा र देउबाहरुले आफूभन्दा तलकालाई आउनै नदिने गरी सिन्डिकेट लागु गरेका छन्, जस्ले राजनीतिमा जमेको पोखरीको दुषित पानी जस्तो देखिएको छ । राजनीतिमा रिटायर कहिल्यै नहुने बाहरुको माहाप्रस्थानको बाटो कुरेर बसेका दोश्रो पुस्ता भनिने निरिह कायरहरुबाट केहि आशा गर्न सक्ने ठाउँ देखिँदैन ।

बरू गगनहरुले जे भए पनि पार्टी रुपान्तरको प्रयास निरन्तर गरिरहेको देखिन्छ । तर कम्यूनिष्ट पार्टीमा त बाहरु शक्तिशाली मात्र होइन स्वेच्छाचारिताको शिखरमै पुगेको देखिन्छ । यो राजनीतिको राम्रो संकेत पक्कै होईन । अब पनि समयको गतिलाई बुझेर योग्यतम व्यक्तिलाई अघि नसार्ने वा भोट हाल्दा विवेक नपुर्‍याउने हो भने बाहरुबाटै शासित हुन अभिशप्त हुनु बाहेक अर्को विकल्प छैन । अस्तू ।

# मुटुलाई किन चाहिन्छ चिल्लो पदार्थ ?



**प्रा. डा. राजेन्द्र कोजु**
**मुटुरोग विशेषज्ञ**



शरीरको महत्वपूर्ण अंग मुटुको स्वास्थ्यमा ख्याल गर्नु अपरिहार्य छ । व्यायाम, स्वस्थ खानपान र तनावमुक्त रहेर मुटुलाई स्वस्थ राख्न सकिन्छ । मुटुका लागि अन्य पौष्टिक तत्वसँगै फ्याट अर्थात् बोसो पनि जरुरी हुन्छ ।

तर सबै फ्याट स्वास्थ्यवर्द्धक भने हुँदैन । स्याच्युरेटेड, अनस्याच्युरेटेड र ट्रान्स फ्याट गरी फ्याट तीन प्रकारका हुन्छन् । स्याच्युरेटेड फ्याट सामान्य तापक्रममा ठोस अवस्था हुन्छ । जनावरबाट प्राप्त हुने यो अस्वस्थ अर्थात् खराब फ्याटमा पर्छ । यसको अत्याधिक प्रयोगले रगतमा खराब कोलेस्टेरोल (एलडीएल) को मात्रा बढाउँछ । यसले मुटुसम्बन्धि समस्या स्ट्रोक वा हृदयघातजस्ता समस्या हुनसक्छ । तर यस्तो भन्दैमा खानै नहुने होइन । सन्तुलन मिलाएर थोरै मात्रामा खान सकिन्छ ।

ट्रान्स फ्याट एक प्रकारको अति खराब चिल्लो पदार्थ हो । यसले रगतमा खराब कोलेस्टेरोललाई बढाउनुका साथै राम्रो कोलेस्टोरोललाई पनि घटाउने काम गर्छ । त्यसैले यसको अत्याधिक सेवनले गरेमा हृदयघात, मस्तिष्कघात, मधुमेह, उच्च रक्तचाप, मोटोपन, स्तन क्यान्सरजस्ता स्वास्थ्य समस्या देखा पर्छन् । वनस्पति र जनावरका स्रोत हुन्छन् ।

### मुटु जोगाउने फ्याट

अनस्याच्युरेटेड फ्याटलाई स्वस्थकर फ्याट भनिन्छ । जुन प्रायः बिरुवा र त्यसबाट बनेका तेलमा पाइन्छ । सामान्य तापक्रममा यो फ्याट प्रायः तरल अवस्थामा पाइन्छ, जुन तेलको रूपमा हुन्छ । अनस्याचुरेटेड फ्याटले शरीरमा राम्रो कोलेस्टेरोल (एचडीएल)लाई बढाएर खराब कोलेस्टोरोल (एलडीएल)लाई घटाउँछ । मोनो अनस्याचुरेटेड र पोलिअनस्याचुरेटेड फ्याट गरी यो दुई प्रकारको हुन्छ ।

मोनो अनस्याचुरेटेड फ्याटको स्रोत बिरुवा हुन् । जस्तै, ओलिभको तेल, एभोकाडो, फर्सी र सिसमका दानाबाट प्राप्त हुने तेल । विभिन्न अध्ययनले यो फ्याटले राम्रो कोलेस्टेरोल बनाउने र मुटुका लागि पनि राम्रो भएको देखाएका छन् । यो फ्याट भिटामिन ए, डी, ई र केलाई पचाउनका लागि पनि आवश्यक पर्छ । राम्रो फ्याटलाई नियन्त्रण गर्ने सन्तुलनमा राख्ने र खराब कोलेस्टोरोललाई बढ्न दिंदैन ।

### पोलिअनस्याचुरेटेर्ड याट

यो बिरुवामा आधारित फ्याट हो । यसको मुख्य स्रोत तोरीको तेल, मकै, जैतुन, बदाम, सोयाबिन वा सनफ्लावरको तेल प्रयोग गर्न सकिन्छ । बदाम, फर्सीको बीउ, पिष्टा, ओखरको तेल पनि अनस्याचुरेटेड फ्याट अन्तर्गत गर्छ । यसले खराब कोलस्टेरोलको स्तरलाई कम गर्छ, जसका कारण मुटुसम्बन्धी रोग र स्ट्रोकको खतरा कम हुन्छ । यसबाहेक फ्याटले शरीरमा कोषहरु बन्न र विकसित हुन पोषक तत्व पनि प्रदान गर्छ । बदाम, फर्सीको बीउ, पिष्टा, ओखरको तेल पनि अनस्याचुरेटेड फ्याटअन्तर्गत गर्छ ।

खराब कोलेस्टेरोलले धमनीमा बोसो जम्मा भएर रक्तसञ्चार अवरोध गर्ने काम गर्छ भने राम्रो कोलेस्टेरोलले रक्तसञ्चार राम्रो गराउने, रक्तचाप घटाउने र रगतमा फ्याटको मात्रा घटाउने गर्छ । साथै शरीरमा रोग प्रतिरोधात्मक क्षमता वृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

*(स्रोतः अनलाईनखबर)*

# कांग्रेसको क्रियाशील सदस्यता नवीकरण तथा अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बागमती गाउँपालिकाले शनिबार बागमतीको बोर्डिङचौरमा क्रियाशील सदस्यता नवीकरण तथा अन्तरक्रिया कार्यक्रम गरेको छ। कांग्रेस बागमती गाउँपालिका सभापति फणिन्द्र तिमल्सिनाको अध्यक्षता एवम् नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा क्रियाशील सदस्यता नवीकरण, योजना कार्यान्वयन, पार्टीको सांगठनिक अवस्था, बजेटलगायतका विषयमा अन्तरक्रिया गरिएको थियो । बागमती प्रदेश सभापति बानियाँले बागमती गाउँपालिकामा संघीय, प्रदेश र स्थानीय सरकारले गरेका विकास निर्माण, स्थानीय समस्याको पहिचान एवम् समाधानका साथै कांग्रेसको भावी रणनीतिबारे छलफल गर्नुभएको थियो ।

कार्यक्रममा मकवानपुरको पूर्वी क्षेत्रमा भएका योजना कार्यान्वयनको अवस्था, बजेटको स्थिति र संगठन सुदृढीकरण र कांग्रेसको भावी रणनीतिलगायतका विषयमा वडा सभापतिहरु, जनप्रतिनिधि र अगुवा कार्यकर्ताबीच छलफल भएको थियो । कार्यक्रममा कांग्रेस जिल्ला सभापति बुद्ध लामा, सहसचिव ईन्दिरा न्यौपाने, बागमती प्रदेश सदस्यहरु चम्फुरत्न लामा, भक्तबहादुर राई, जानुकी लामा, जिल्ला सदस्यहरु कालू घलान, शेरबहादुर राना, डम्बरबहादुर बिश्वकर्मा, नवराज खतिवडा, प्रतिनिधिसभा १ का संघीय सभापति दामोदर खनाल, प्रतिनिधिसभा १ क का सभापति सुशान्तकुमार श्रेष्ठ, बागमती गाउँपालिका सचिव शंकर पराजुली, नेविसंघ केन्द्रीय सदस्य मिलन पुडासैनी, नेपाल तरुण दल मकवानपुरका कार्यबाहक अध्यक्ष सन्तोष सापकोटा, स्थानीय नेताहरु डिल्ली घोरासैनी, जगतबहादुर भ्लोन, भानु सोराली मगरलगायत वडा सभापतिहरु, कांग्रेसबाट जितेका जनप्रतिनिधिहरु, अगुवा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# तेक्वान्दोको बेल्ट परीक्षा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला तेक्वान्दो संघले सिनियर बेल्ट परीक्षा सञ्चालन गरेको छ । नेपाल तेक्वान्दो संघको क्यालेण्डरअनुसार मकवानपुर जिल्लाले सिनियर बेल्ट परीक्षा लिएको हो ।

हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख अतिथ्य रहेको कार्यक्रमको सभाध्यक्ष मकवानपुर जिल्ला तेक्वान्दो संघ अध्यक्ष लालकाजीरत्न बज्राचार्य हुनुहुन्थ्यो । कार्यक्रममा तेक्वान्दो संघका संस्थापक प्रशिक्षक दिलिप राजथला, मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख एवम् तेक्वान्दो प्रशिक्षक माधब कोइरालाको विशेष आतिथ्य थियो। कार्यक्रममा संघका सल्लाहकार भीम राउत, राजेश थापा, श्याम कर्माचार्य, ठाकुरनाथ सुवेदी, अमिर डंगोललगायतको आतिथ्य थियो ।

मकवानपुर जिल्लामा तेक्वान्दो खेलको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रकाश श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । तेक्वान्दोका सिनियर प्रशिक्षक मानबहादुर वाइवाले सञ्चालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष ओमकुमार लामाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।


## कर्मचारी आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०२/०६ गते*

उपरोक्त सम्बन्धमा यस संघको कर्मचारी पदपूर्ति उप-समितिको मिति २०८१ जेष्ठ ०४ गते बसेको बैठकको निर्णय अनुसार यस संघमा रिक्त रहेको तपसिलअनुसारको पदमा पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल :**

**१) विज्ञापन नं. : १/0८0/0८१**
२) पद : सहायक प्रबन्धक ।
३) समुह : प्रशासन ।
४) आवश्यक संख्या : १ जना ।
५) उमेर : २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
६) शैक्षिक योग्यता : स्नात्तकोत्तर तह उत्तीर्ण
७) अनुभव : व्यवस्थापन क्षेत्रमा न्यूनतम २ वर्षको कार्य अनुभव भएको ।
७) अन्य योग्यता : सफ्टवेयर चलाउन जान्ने, कम्प्युटर डिप्लोमा गरेको, दुई पाङग्रे सवारी चालक अनुमतिपत्र प्राप्त ।
८) आवश्यक कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बायोडाटा, शैक्षिक तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभव तथा सहकारी सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि एक/एक थान, २ प्रतिपासपोर्ट साईजको फोटो ।
९) दर्ता शुल्क : रु. १,५००।- (रु.एक हजार पाँच सय मात्र) फिर्ता नहुने गरी ।
१०) दरखास्त दिने अन्तिम मितिः २०८१/०२/२० गते बेलुका ५ बजेसम्म ।
११) रित नपुगी प्राप्त आवेदनलाई परीक्षामा सम्मिलित गराइने छैन ।
१२) परीक्षाको किसिम : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता ।
१३) तलब तथा अन्य सुविधा : संघको नियमानुसार ।
१४) लिखित र प्रयोगात्मक परीक्षाः सम्पर्क मितिमा जानकारी गराईनेछ ।
१५) सम्पर्क मितिः २०८१/०२/२२ गते कार्यालय समयमा ।

आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस संघमा निहित रहनेछ ।

**पदपूर्ति उप-समिति**
**मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.**
**हेटौंडा-१, मकवानपुर**
**फोन नं. ०५७-५२३६६१**
**ईमेल** :- dmpcuhtd@gmail.com


# संसदीय समिति बनाउने सहमति

काठमाडौंः सत्तारुढ गठबन्धन र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसबीच सहकारी ठगीका विषयमा छानबिन गर्न संसदीय समिति गठन गर्ने सहमति भएको छ । यद्यपि उक्त समितिको कार्यादेश के हुने भन्ने विषयमा दलहरु टुंगोमा पुगेका छैनन् ।

शनिबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता गठबन्धन र कांग्रेसका नेताहरुबीचको छलफलमा संसदीय समिति गठनका विषयमा समान धारणा बनेको कांग्रेस नेता रमेश लेखकले बताए । 'संसदीय छानबिन समिति बनाएर जाने विषयमा समान धारणा छ, समितिको कार्यादेश के हुने भन्ने विषयमा भोलि विहानदेखि काम हुन्छ', उनले भने ।




समितिको कार्यादेश बनाउन नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधि रहेको एक समिति बनाइएको छ । जसलाई कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले संयोजक गर्नेछन्। उक्त समितिमा कांग्रेस सहमहामन्त्री जीवन परियार, एमाले प्रमुख सचेतक महेश बर्तौला र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिशिर खनाल रहेको कानुनमन्त्री गिरीले जानकारी दिए । यो समितिको बैठक आइतबार बिहान ८ बजे बस्नेछ। 'भोलि नै सक्ने गरी काम हुन्छ, उहाँहरुसँग बस्ने सहमति खोज्ने, थप नेताहरुसँग छलफल गर्नुपर्‍यो भने गरेर यसलाई टुंग्याउँछौं', गिरीले भने। सहकारीको बचत रकम अपचलनमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने संलग्न भएको घटना सार्वजनिक भएको भन्दै कांग्रेसले यस विषयमा छानबिन गर्न संसदीय समिति गठनको माग गर्दै आएको थियो । तर सरकार र सत्ता गठबन्धनले भने यसलाई अस्वीकार गर्दै आएका थिए ।

२८ बैशाखमा संघीय संसदको हिउँदे अधिवेशन सुरु भएदेखि नै नेपाली कांग्रेसले प्रतिनिधिसभा र राष्ट्रियसभा दुबै सदन लगातार अवरोध गर्दै आएको छ। उसले संसदीय छानबिन समिति गठन नभएसम्म सदन चल्न नदिने भनेपछि दलहरुबीच संसदको अवरोध खोल्ने बारेमा छलफल सुरु भएको थियो ।

*(स्रोतः अनलाइनखबर)*


सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं
र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community


## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं। **सम्पादक ।**

# कमाने एकेडेमीका विद्यार्थीको 'आवाज

# मेरो यात्रा र मोडिएको गन्तव्य




पुष्पा थापा

एक गन्तव्यबाट अर्को नयाँ गन्तव्यसम्म जाने या आउने क्रमलाई हामी यात्रा भन्दछौं । दैनिक जिवनको व्यस्तताको बोझबाट आफ्नो दिमागलाई ताजा र शरीरलाई थप उर्जाशील बनाउन अथवा फुर्सदिलो समयको सदुपयोग गर्ने एउटा राम्रो माध्यम हो यात्रा ।

यस्तै यात्राको बारेमा म यात्रा मेरो इलाम सम्मको शीर्षकमा छोटो वर्णन गर्दैछु । जसमा मेरो बुवा, आमा, दादा, दिदी र म सहभागी छौं । यो यात्रालाई पूरा गर्न हाम्रो आफ्नै सवारीसाधन (कार) छ । यात्राको सुरुवात आफ्नै राजमार्गको घर हेटौंडा-८, कमानेबाट हेटौंडा-सिन्धुली-धरान-चतरा राजमार्गतर्फ बिहान ५ बजे सुरु भयो । हटिया, फापरबारी, मरिण, बागमती हुँदै ७:३० मा सिन्धुली पुग्दासम्म म र दिदी गाडीमै निदाई रह्यौं । हामीलाई आमाले चिया, खाजा खान उठाउनुभयो । चिया खाजापछि गाडिको रफ्तार बढ्न थाल्यो । एकातिर गाडी भित्रको सुमधुर मनपर्ने सङ्गीत र अर्कोतिर सुन्दर दृश्यहरु खोलानाला, साना र राम्रा गाउँहरु हुँदै कटारी, उदयपुरको गाईघाट बजार र फराकिलो बाटोमा गुड्न पाउँदा आनन्द वर्णन गरी साध्य थिएन। त्यसपछि कोशी नदी तरेर हाम्रो यात्रा पूर्वतिर लाग्दै गर्दा हाम्रो पेटमा मुसा दौडिन थालेको कुरा हामीले बाबालाई भनेपछि करिब ११:३० मा इटहरीको राम्रो रेष्टुरेन्टमा आइपुग्यौ र मिठो खाना खाएर आधा घन्टाको आरामपछि फेरि हामी हाम्रो गन्तव्यतर्फ अगाडि बढ्यौं ।

बाफरे ! एक लामो समयको त गाडीमा बसाई त्यसमाथि तराईको गर्मी । हाम्रो गाडी वातानुकुलित भएकोले गाडीबाट रमणीय ठाउँहरु देख्दादेख्दै पनि बाहिरको तापक्रमले गर्दा बाहिर निस्कने साहस भएन । इटहरीबाट दमक, बिर्तामोड हुँदै चारआलीसम्म पुगेपछि इलामका लागि फेरी पूर्वतर्फ लाग्यौं । बुधबारे हुँदै जाँदा मौसमले अर्कै रुप लिँदै गयो । मतलब जति-जति हामी माथि जान्थ्यौं त्यति त्यति चिसो बढ्दै जान्थ्यो । हामीले बुबालाई गाडीको एसी बन्द गरेर बाहिरको प्राकृतिक मौसममा रमाउने इच्छा राख्यौं । जब कन्याम पुगेर गाडीबाट बाहिर निस्कियौं। म मेरो जिवनमा पहिलोपल्ट यति अचम्मित भए वैशाखको महिनामा माथि भनेजस्तै अति गर्मी हुन्छ भन्ने थाहा त थियो तर जब कन्याम पुगें, त्यहाँ त बुबालाई गाडी चलाउन नै अफठ्यारो हुने गरी हुस्सु र चिसो थियो ।

कन्याममा हामीले विभिन्न जातजातिका पहिरन लगाएर, घोडा चढेर तस्विरहरु लियौं अनि चियानास्तासँगै कुरा गर्दै जाँदा इलामको गन्तव्य मोडिएर पहाडकी रानी दार्जिलिङ्ग जाने सहमति हुँदा म र दिदी खुसीले झन्डै बेहोस भएनौं। अँध्यारो हुन थालेकोले वासस्थानको खोजीमा पशुपतिनगर पुगियो र होटल खोजेर बसियो। चिसो ठाउँ भएकोले खाना साह्रै मिठो लाग्यो । खानापछि दिदी र म हाम्रो ओछ्यानमा पल्टेर फोटो हेर्दाहेर्दै थकाइले निदाएको पत्तै पाएनौं। भोलिपल्ट आमाले सबेरै उठाइदिनुभयो । मुख धोएर, दाँत माझेर र चिसो भएकोले झोलाबाट बाक्लो लुगा झिकेर तयार भई नेपाल-भारत सिमाक्षेत्रमा पुग्यौं । भारतीय मुद्रा साट्नु भयो र हामी गाडी चढेर अगाडि बढ्दै जाँदा घुमाउरा बाटोहरु अनि धेरै पहाडहरु छिचोलेर डेढ घण्टामा दार्जिलिङ पुग्दा मैले स्वर्ग पगेको अनुभुति गरे ।

जीवनमा पहिलोपल्ट आफ्नो देश छोडेर अर्को देशमा पाइला टेकेको दिदी र म त्यहाँका बासिन्दाले बोलेको मिठो र अनौठो लयमा बोलेको नेपाली भाषा सुन्दा आश्चर्य पर्‍यौं । सानो बाटो त्यसैमा पनि बिच बाटोमा रेल हिँड्ने लिक अझैपनि बाटोमा ट्राफिक जाम नहुने कति मज्जाको व्यवस्थापन । हाम्रो देशको व्यवस्थापन सम्झेर निकै दुःख लाग्यो । दार्जिलिङ्गमा हामीले चिडियाखाना, चियाबगान, रक गार्डेन, सङ्ग्रहालय, सगरमाथा टेक्ने पहिलो व्यक्ति तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारी, गोर्खा नेपाली सैनिकको विभिन्न स्थानमा रहेका सालिकहरु, जापानले निर्माण गरेको गुम्बा, पार्क, र हाम्रो देशका पूर्वराजाहरु एवम् राजा वीरेन्द्र वीरबिक्रम शाह र ज्ञानेन्द्र वीरबिक्रम शाहले अध्ययन गरेको सेन्ट जोसेफ विद्यालय, सेन्ट पल कलेज हेर्दाहेर्दै दिन त बित्नै आँटेछ। अब खासै त्यहाँ हेर्ने र घुम्ने ठाउँ बाँकी नभएकोले हामी सबैको सल्लाह अनुरुप त्यस ठाउँमा फेरी आउने अठोट गर्दै पशुपतिनगर फर्किएर आफ्नो गाडीमा फेरी कन्याम आई होटलमा बसेर खाना खाई आ-आफ्नो कोठाभित्र आराम गर्न छिर्‍यौं ।

अन्तु डाँडा पनि हेरियो । इलाम नपुग्दा एउटै कुरो मनमा खट्कियो। "माई पोखरी र माई खोला" केहि छैन माई पोखरी र माईखोला फेरी अर्को पल्ट आउँदा घुमाइदिने वाचा बुबाआमाले गर्नु भएको छ । हुन त मैले हेटौंडादेखि काठमाडौं, पोखरा, काभ्रेको नमोबुद्ध, खोटाङ्गको हलेसी महादेव, चितवन, नवलपरासी, नगरकोट आदि धेरै यात्रा गरेकी छु तर यो यात्रा अहिलेसम्मको लामो र सम्झनलायक रह्यो ।

*कक्षा-६*

# मेरो मिल्ने साथी, मेरो डायरी



नितिका भट्टराई

जोसँग हामी धेरै समय बिताउछौं, हाम्रा मनका भावना, विचार साटासाट गर्छौं, दुःख-सुखमा साथ दिन्छौं त्यो नै असल मित्र/साथी हो भन्ने मलाई लागदछ । विभिन्न मानिसका विभिन्न किसिमका साथीहरु हुन्छन् । त्यस्तैगरी मेरो पनि एक अत्यन्तै मिल्ने साथी मेरो डायरी हो ।

डायरी चाहिँ मेरो असल साथी हुनुको मुख्य श्रेय म मेरो विद्यालयलाई दिन चाहन्छु । मैले मेरो डायरी कविता प्रतियोगितामा उपहार स्वरुप पाएकी थिएँ । खासगरी मैले मेरो डायरीमा साहित्य सिर्जना गर्ने कोसिस गरेकी छु । प्रायःजस्तो म खाली समयमा कथा, कविता, निबन्ध, भनाईहरु, सुख-दुःखका पलहरुलाई पानामा उतार्ने कोसिस गर्दछु। डायरीले गर्दा आजकल मेरा खाली समयहरु सजिलैसँग बित्ने गर्दछ ।

म जता जान्छु, मेरो असल साथी (डायरी) पनि म सँगै रमाउँदै हिँडेको महसुस गर्दछु । म दुःखी भएको बेलामा मेरो साथीले मलाई हौसला दिने र खुसीमा मसँग रमाइदिने पात्रको रुपमा आफ्नो भूमिका निर्वाह गर्दछ। यदि कसैले मलाई तिम्रो डायरी मलाई दिन सक्छौ भन्दा मेरो जवाफमा "नाई" नै आउने छ होला । भोलिका दिनमा म अघि बढ्नको लागि मेरो साथीले मलाई साथ र सहयोग दिने छ होला र म कहिल्यै पनि मेरो प्रिय साथीलाई गुमाउन चाहन्न ।

*कक्षा-६, कमाने एकेडेमी*
*हेटौंडा-८, कमाने*



# बकैयामा ७ ए साइड फुटबल सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा खुला ७ ए साइड गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। बकैया रिभर साइड युवा क्लबको आयोजनामा शनिबारबाट प्रतियोगिता सुरु भएको हो।

प्रतियोगिताको उद्घाटन खेलमा आयोजक निलोलाई हराउँदै बकैया-११ स्थित जनहित युवा क्लबले विजयी सुरुवात गरेको छ। जनहितले आयोजक निलोलाई २-१ गोलले पराजित गरेको हो। पराजित भएसँगै आयोजक निलो प्रतियोगिताबाट बाहिरिएको छ। यस्तै, प्रतियोगितामा बागमती गाउँपालिकास्थित साततले युवा क्लब स्वतः विजयी हुँदै क्वाटरफाइनल प्रवेश गरेको छ। बकैया-५ स्थित एकान्तबस्ती एफसी खेलमा सहभागी नभएपछि साततलेले खेल नखेल्दै क्वाटरफाइनलमा स्थान पाएको हो।

प्रतियोगिताअन्तर्गत् आइतबार दुई खेल हुनेछ। आइतबारको पहिलो खेलमा बागमती गाउँपालिकास्थित झुरझुरे एफसी र बकैया-४ स्थित सोपी एफसीबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा हात्तीसुँडेस्थित बुद्ध मावि र बकैया-८ स्थित गणतान्त्रिक युवा समाजबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको फाइनल खेल जेठ १३ गते हुनेछ। प्रतियोगिताको विजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

क्लबका अध्यक्ष सुरेश स्याङ्तानको सभाध्यक्ष तथा बकैया-४ का वडाध्यक्ष राजन दंगालको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता उद्घाटन कार्यक्रममा बकैयाका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङ, ३ नम्बर खेलकुद विकास समितिका अध्यक्ष कृष्णबहादुर लो र ४ नम्बर समितिका अध्यक्ष अमोद बस्नेतलगायतको उपस्थिति रहेको थियो।

# विभिन्न घटनामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुली, चितवन र धादिङ जिल्लामा विभिन्न घटनामा ४ जनाको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले दिएको जानकारीअनुसार सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-४, सिमलपुरमा वेवारिसे अवस्थामा फेला परेका एक वृद्धको मृत्यु भएको छ। मृत्यु भएका वृद्ध हरिहरपुरगढी गाउँपालिका-३, लिम्बुटार बस्ने ७६ वर्षीय सोबीलाल वाईबा रहेको प्रहरीले जानकारी दिएको छ।

शुक्रबार साँझ ५ बजेर ३० मिनेटको समयमा मदनभण्डारी राजमार्ग सडक छेउमा वाईबा वेबारिसे अवस्थामा फेला परेका थिए। स्थानीय मेडिकलमा उपचार पश्चात वाईबालाई थप उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोट लगिएकोमा बेलुका ७ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-५, नारायणपुरमा धारामा लडेर एक जना वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा ८७ वर्षीया चन्द्रकला तिमल्सेना रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार बेलुका ११ बजेर ३० मिनेटको समयमा वृद्ध आफ्नै घरको धारामा चिप्लेर लड्दा घाइते भएकी थिईन्। घाइते वृद्धालाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा शनिबार बिहान ३ बजेर ३० मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

चितवन जिल्लाकै खैरहनी नगरपालिका-१०, कठारमा अत्यधिक रक्तश्रावका कारण एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ३१ वर्षीय सिंहराम प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। शुक्रबार प्रजालाई घरमा तिघ्राको कापबाट रगत बगिरहेको अवस्थामा फेला पारी उपचारका लागि भरतपुर अस्पताल लगिएकामा उपचारका क्रममा अत्यधिक रक्तश्रावका मृत्यु भएको जनाएको छ। प्रजाले लागुऔषध सेवन गर्ने गरेको पाइएको प्रहरीले जानकारी दिएको छ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-१, गजुरीबजारमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सिद्धलेक गाउँपालिका-६, का २० वर्षीय सनि घले रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार काठमाडौंबाट हेटौँडातर्फ जाँदै गरेको ना ६ ख २९२० नम्बरको ट्रकले बाटो काट्दै गर्दै गरेको प्रदेश ०३-०२-००६ प २५८७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घले र गजुरी गाउँपालिका-१, सुन्दरगाउँका १५ वर्षीय सुविन बराईली घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएकोमा घलेको उपचारका क्रममा मृत्यु भएको थियो। बराईलीलाई सामान्य उपचार पश्चात थप उपचारका लागि मेडिसिटि अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ।

# २१३ औं गजलयात्रा तथा प्रशिक्षण सम्पन्न




समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयमा २१३ औं गजलयात्रा तथा गजल प्रशिक्षण सम्पन्न भएको छ। गजल मञ्च मकवानपुरको आयोजनामा भएको नियमित गजलयात्रा शनिबार सम्पन्न भएको हो।

कार्यक्रमको पहिलो सेसनमा विभिन्न गजलकारले गजल सुनाएका थिए भने दोस्रो सेसनमा गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष तथा परीक्षक दीपक गौतमले नवसर्जक केन्द्रित श्रृंखलामा गजल प्रशिक्षण गर्नुभएको थियो। कार्यक्रममा देवराज तिवारी, सानु खनाल, स्वस्तिका दाहाल, सञ्जित श्रेष्ठ, डीबी बतौला, अनिल कोइराला र दीपक गौतमले गजल वाचन गर्नुभएको थियो।

कार्यक्रममा प्रशिक्षक गौतमले अमर माविका कक्षा ६ देखि १० सम्मका ५० जना विद्यार्थीलाई गजलको बारेमा प्रकाश पार्दै लेख्ने तरिका तथा शैली प्रस्तुत गर्नुभएको थियो। विद्यार्थीलाई गजलप्रति नजिक्याउने र उत्प्रेरित गर्ने तथा विद्यार्थीमा भएको प्रतिभालाई अगाडि ल्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणले जानकारी दिनुभयो।

कार्यक्रममा गजल मञ्चका अध्यक्ष समर्पणको अध्यक्षता रहेको थियो भने सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्य रहेको थियो। यस्तै, कार्यक्रममा गजल मञ्च मकवानपुरका निवर्तमान अध्यक्ष देवराज तिवारी, गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष दीपक गौतम, डीबी बतौंलालगायत गजलप्रेमी, साहित्यकार, शिक्षक, विद्यार्थीको उपस्थिति रहेको थियो। कार्यक्रम अमर माविको संयोजनमा सम्पन्न भएको हो।

# दुई जिल्लामा बुद्यौली साहित्य समाज

समाज संवाददाता

हेटौँडाः शनिबार एकै दिन सुनसरी र मोरङ जिल्लामा बुद्यौली साहित्य समाज गठन भएका छन्। सुनसरीको इनरुवामा लीलानाथ सिल्वालको सभाध्यक्षता तथा रमेशमोहन अधिकारीको प्रमुख आतिथ्यमा बनेको बुद्यौली साहित्य समाजको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्यहरूमा क्रमशः श्रीप्रसाद पोखरेल, राधा सुवेदी, रमेन्द्र कोइराला, शकुन्तला मञ्जरी, द्वारिकाप्रसाद पोखरेल, लीलानाथ सिल्वाल, पी पी कोइराला, शुक्रराज कुँवर, रामानन्द मण्डल र झोटन मेहता हुनुहुन्छ।

यसैगरी विराटनगरमा विवश पोखरेलको प्रमुख आतिथ्यमा भएको साहित्यकारहरुको भेलाले बुद्यौली साहित्य समाज मोरङ गठन गरेको छ। यस समितिमा प्रा.डा. मेदिनी शर्मा नेपाल संयोजक, भूषण ढुङ्गेल सहसंयोजक, शम्भुप्रसाद भट्टराई सचिव, सरला चापागाईं कोषाध्यक्ष तथा राधिका गुरागाई, गङ्गाधर कट्टेल, लोचन रिजाल, उमानाथ सागर र बाबुराम पोखरेल सदस्यका रूपमा रहनुभएको छ।

मोरङको कार्यक्रममा बलराम पोखरेल, कविराज न्यौपाने, मधु पोखरेल, प्राज्ञ खेम नेपाली, प्राज्ञ गङ्गा सुवेदी तथा शिवनारायण सिङ्गलले आआफ्ना रचना सुनाउनुभएको थियो। दुवै जिल्लाका कार्यक्रममा बुद्यौली साहित्य समाजका रमेशमोहन अधिकारीले बुद्यौली साहित्यका बारेमा बताउनुभएको थियो भने जनार्दन खनालले बुद्यौली कविता सुनाउनुभएको थियो।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
Email:sambridhasamaj@gmail.com

# तीन दिने कला महोत्सव सम्पन्न



समाज संवाददाता

हेटौंडाः स्याटरडे फिल्न एयरको आयोजनामा सञ्चालन गरिएको तीन दिने कला महोत्सव सम्पन्न भएको छ। बिहीबारदेखि सुरु भएको महोत्सव शनिबार सम्पन्न भएको हो।

स्याटरडे फिल्न एयरले हेटौंडा उपमहानगरपालिकाको विभिन्न स्थानमा कला प्रस्तुति, कार्यपत्र प्रस्तुति, कला संवाद, प्रत्यक्ष चित्रकला सिर्जनाजस्ता विभिन्न कार्यक्रमहरु गरेको थियो। बिहीबार हेटौंडा-२ स्थित सिद्धार्थ माविको सभाहलबाट सुरु भएको कार्यक्रम शहीद स्मारकमा पुगी सम्पन्न भएको हो। कार्यक्रमको पहिलो दिन बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहाकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले क्यान्भासमा ब्रस स्ट्रोक गरेर उद्घाटन गर्नुभएको थियो।

महोत्सवको पहिलो दिन उद्घाटनसँगै चित्रकला प्रदर्शनी कार्यक्रम भएको थियो भने सम्मान तथा पुरस्कार वितरणसमेत गरिएको थियो। सो दिन कार्यपत्र प्रस्तुति, कला संवाद र प्रत्यक्ष चित्रकला सिर्जनासमेत भएको थियो। दोस्रो दिन पहिलो सेसनमा भूटनदेवी मन्दिर परिसर, हेटौंडा-१० मा खुल्ला चित्रकला कार्यशाला र भजन गायनको आयोजना गरिएको थियो। दोस्रो सेसनमा पुष्पलाल पार्क सानोपोखरामा चित्रकला कार्यशाला र सांगीतिक प्रस्तुति गरिएको थियो।

तेस्रो दिन शनिबार पहिलो सेसनमा मनकामना डाँडा, पाथीभरा हेटौंडा भ्यूटावर, गुम्बाडाँडा हर्नामाडी र मकवानपुरगढीमा कला भ्रमणको व्यवस्था गरिएको थियो भने दोस्रो सेसनमा शहीद स्मारकमा खुला चित्रकला कार्यशाला, कला संवाद गरी महोत्सवको समापन गरिएको हो। महोत्सवबाट उठेको ५० प्रतिशत रकम मानवसेवा आश्रममा हस्तान्तरण हुने जनाइएको छ। आइतबार मानवसेवा आश्रममा सबै कलाकृति वितरण तथा प्रस्तुत गरिने स्याटरडे फिल्न एयर हेटौंडाका संयोजक सुजन श्रेष्ठले बताउनुभयो।

# पेशागत महासंघ मकवानपुरको भेला तथा प्रशिक्षण सम्पन्न

समाज संवाददाता

हेटौंडाः पेशागत महासंघ नेपाल, मकवानपुर जिल्ला कार्यसमितिले संघको ३० औं स्थापना दिवसको अवसरमा जिल्ला भेला र प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ। महासंघ नेपाल मकवानपुरका अध्यक्ष श्रीराम दहालको अध्यक्षता तथा नेकपा एमाले पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

कार्यक्रममा प्रमुख अतिथि पौडेलले सहभागी सदस्यहरुलाई प्रशिक्षण दिनुभएको छ। कार्यक्रमा २ सय जनाको उपस्थिति रहेको थियो। जिल्लास्तरीय भेलाबाट मकवानपुर जिल्लामा रहेका ८ वटा स्थानीय तहमा पेसागत महासंघ नेपालको पालिका समिति गठन गरिएको छ। कार्यक्रममा सहभागीहरुले पेशाकर्मीका समस्या, चुनौती तथा राज्यले सम्बोधन गर्नुपर्ने मुद्दाहरुबारे धारणा राखेका थिए। कार्यक्रममा नेकपा एमाले मकवानपुरका सचिव नवीन सिग्देल र उपसचिव हिदम लामालगायत विभिन्न पेशागत घटकका नेतृत्वहरुको उपस्थिति रहेको थियो।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं।
- बालबालिकाका लागि सुरक्षित एवम् तनावरहित वातावरण सिर्जना गरौं।
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं।
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं।
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं।

बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभूति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक श्रद्धाञ्जली



जन्मः बि.सं.२०४० जेठ १९

स्वर्गारोहणः बि.सं. २०८१ जेठ २

स्व. केशव प्रसाद मुडभरी

यस साहारा ग्यास ईण्डष्ट्रिज प्रा.लि.का आधिकारीक बिक्रेता तथा मकवानपुर ग्याँस व्यवसायी संघका अध्यक्ष **केशव प्रसाद मुडभरी** ज्यू को यहि मिति २०८१ साल जेठ २ गते भएको अकल्पनिय निधनको खबरले हामी मर्माहित र स्तब्ध भएका छौ। शोकको यस दुःखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

खड्ग बहादुर थापा
प्रबन्धक
एवं साहारा ग्यास ईण्डष्ट्रिज प्रा.लि. परिवार
हेटौंडा-३, बसामाडी

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ